स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



षट्कोण आर्ट्सले निर्माण गरेको फिल्म 'लालीबजार' को ट्रेलर सार्वजनिक गरिएको छ। काठमाडौंमा शुक्रबार आयोजित एक कार्यक्रममा सार्वजनिक गरिएको ट्रेलरमा आमा र छोरी बिचको कथा देखाइएको छ। बादी समुदायको महिलाको भूमिकामा अभिनेत्री स्वस्तिमा खड्का प्रस्तुत भएकी छिन्। सार्वजनिक ट्रेलरमा स्वस्तिमासँगै रवीन्द्र सिंह बानियाँ, मुकुन्दकुमार श्रेष्ठ, प्रशंसा सुवेदी र विशाल देवकोटा फिचर्ड छन्।

**आजको विचार...**



फेक...
*(दुई पेजमा)*

शुक्रऋषि चौलागाई

*(दुई पेजमा)*

आगामी जेठ १ गतेलाई प्रदर्शन मिति तय गरेको चलचित्र 'एक मुट्ठी बादल'को पोस्टर सार्वजनिक गरिएको छ। सार्वजनिक पोस्टरले चलचित्रमा समावेश कलाकारहरुलाई परिचित गराउँदै कथा पारिवारिक विषयवस्तुमा केन्द्रित रहेको संकेत गरेको छ। पोस्टरको केन्द्रमा अभिनेत्री आँचल शर्मालाई प्रस्तुत गरिएको छ भने उनको वरिपरि परिवारका सदस्यहरू बसेका देखिन्छन्। घरभित्रको दृश्यले कसैलाई स्वागत गर्न पर्खिरहेको अवस्थालाई चित्रण गरेको छ।



❒ वर्ष ३१ ❒ अंक २६० ❒ २०८३ बैशाख ६ गते आइतबार 19 April 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सदस्य केन्द्रित बन्दै 'आनन्द सहकारी'

## शेयर सदस्यलाई सहकारी शिक्षा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ५/ जिल्लाको तानसेनमा रहेको आनन्द बचत तथा ऋण सहकारी संस्थाले पछिल्लो समय सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन सदस्य केन्द्रित महत्वपूर्ण कामहरु अगाडि बढाएको छ । यसका लागि सहकारीले शेयर सदस्यहरुलाई सहकारी शिक्षा दिनेदेखि उनीहरुको आर्थिक समृद्धिको क्षेत्रमा उल्लेखीय रुपमा काम गर्दै आएको हो ।

बचत तथा ऋणको कारोबार गर्ने उद्देश्यले २०६७ सालमा स्थापना भई छोटो समयमै समृद्धिको यात्रामा फड्को मारेको सहकारीले आफ्ना शेयर सदस्यहरुको आर्थिक समृद्धिसँगै गरिब, महिला, दलित, जनजाति, उत्पीडित तथा विपन्न समुदायहरूको उत्थानमा समेत आफुलाई निरन्तर अगाडि बढाएको छ । आर्थिक समृद्धिको मेरुदण्ड सहकारी भएकाले पनि आनन्दले शेयर सदस्यहरुमा सामूहिक भावनाको विकास गरी उपलब्ध श्रम, सीप, श्रोत साधन, पुँजी र प्रविधिको माध्यमबाट समृद्धिको यात्रालाई पहिल्याएको हो । उसले सहकारी संस्थाहरुमा देखिएको चुनौतीलाई मध्यनजर गर्दै आफ्ना शेयर सदस्यहरुलाई सहकारी शिक्षा दिएको छ । शनिबार पर्यटकीयस्थल श्रीनगरडाँडामा एक कार्यक्रमकाबिच शेयर सदस्यहरुमा सहकारी सम्बन्धी ज्ञान दिनका लागि सहकारी शिक्षा तथा अभिमुखीकरण दिएको हो ।



सहकारी बारे आधारभूत ज्ञान, सहकारीले प्रदान गर्ने सेवा अन्तर्गतका बचत सेवा र ऋण सेवासँगै सहकारी नीति, नियम बारे सदस्यहरूलाई जानकारी दिन सो कार्यक्रम गरिएको संस्थाका अध्यक्ष सरोजलाल शाक्यले बताए । उनले भने "शेयर सदस्यहरु सहकारीका मालिक हुन्, उनीहरुलाई सहकारीका बारेमा ज्ञान दिन सकियो भने सहकारीलाई थप मजबूद बनाउन सहयोग पुग्छ भन्ने हाम्रो बुझाई हो ।" शेयर सदस्यहरुले सहकारीको सिद्धान्त र त्यसको उद्देश्यका विषयमा जानकारी नहुँदा समस्या उत्पन्न हुने भएकाले सहकारी बारे शिक्षा दिइदै आइएको अध्यक्ष शाक्यले बताए । तालिममा प्रशिक्षक सहकारी अभियान्ता तथा जिल्ला सहकारी संघ लिमिटेड पाल्पाका अध्यक्ष भूपति पाण्डेयले शेयर सदस्यहरुलाई सहकारीको इतिहास, सहकारी के हो ? सहकारीका सिद्धान्त, विशेषता, बचत गर्ने तरिका, ऋणको सदुपयोग, दुरुपयोग, सहकारीका समस्या, समाधानका उपायहरु, शेयर सदस्यहरुको भूमिका लगायतका विषयमा जानकारी गराएका थिए । सहकारी शिक्षा बारे प्रशिक्षण दिदैं उनले सहकारीलाई आर्थिक रुपमा सवल र सक्षम बनाउन शेयर सदस्यहरुको भूमिका महत्वपूर्ण रहेको बताए । अध्यक्ष पाण्डेयले सदस्यले सस्थाले गरेका काममा वाचडगको रुपमा काम गर्नुपर्ने उल्लेख गरे । उनले स्वस्थ र खुसी सदस्य बनाउने दिशामा सहकारीले दीर्घकालीन रणनीति बनाउने योजना बनाएकाले त्यसमा सदस्यहरुले साथ दिनुपर्नेमा जोड दिए । पाण्डेयले सहकारीमा दोहोरो सदस्यता नलिन पनि शेयर सदस्यहरुलाई आग्रह गरे । संस्थामा सुशासनको प्रत्याभूति सदस्यहरुबाटै हुनुपर्नेमा उनले जोड दिए । उनले एक सस्था, एक सदस्य र अनेक कार्यक्रममा सहभागिता जनाउनु नै असल शेयर सदस्यको दायित्व भएको बताए । *(-बाँकी अन्तिम पेजमा...)*

### संक्षिप्त समाचार

#### सन् २०२५ मा नौ सय रोहिंग्या शरणार्थीको मृत्यु

(रासस/एएफपी)

**जेनेभा,** वैशाख ५/सन् २०२५ मा समुद्री मार्गबाट भाग्ने क्रममा नौ सय रोहिंग्या शरणार्थीहरूको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । सन् २०२५ मा अन्डमान सागर र बङ्गालको खाडीमा रोहिंग्या शरणार्थी वोकेका जहाजह दुर्घटना हुदाँ उनीहरुको मृत्यु भएको संयुक्त राष्ट्र शरणार्थी एजेन्सीका प्रवक्ता बाबर बलोचले जेनेभामा पत्रकार सम्मेलनमा बताएका छन् । युएनएचसीआरको तथ्याङ्कअनुसार यो यस क्षेत्रका लागि सबैभन्दा घातक वर्ष सन् २०२५ रहेको उनले बताएका छन् । उनले गत वर्ष खतरनाक समुद्री पार गर्ने प्रयास गरेका छ हजार ५०० भन्दा बढी रोहिंग्याहरूमा हरेक सातमध्ये एक जना बेपत्ता भएको रिपोर्ट गरिएको उल्लेख गरेका छन् । रोहिंग्याहरूले हरेक वर्ष सहज जीवन यापनको खोजीमा खतरनाक समुद्री यात्रा गर्दा मानव बेचबिखन नेटवर्कहरूद्वारा सञ्चालित डुङ्गाहरूमा यात्रा गर्ने गरेको जनाइएको छ । अधिकांश रोहिंग्या शरणार्थीहरू अनुमति दिए पछि स्वेच्छिक, सम्मानजनक र सुरक्षितरुपमा म्यानमार फर्कन चाहेको उनले बताएका छन् । यसैबीच, कोषको अभावले बङ्गलादेशमा मानवीय सहायतामा कमी आउदा शिविरहरूमा असुरक्षा र शिक्षा र जीविकोपार्जनमा सीमित पहुँचले शरणार्थीहरूलाई खतरर तिर धकेलेको उनले बताएका छन् ।

# काँग्रेसको आधिकारिता गगन थापा पक्षलाई



काठमाडौँ, वैशाख ५/सर्वोच्च अदालतले गगनकुमार थापा नेतृत्वको नेपाली कांग्रेसलाई आधिकारिता प्रदान गरेको छ । शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलाशले कांग्रेसको विशेष महाविधेशनलाई आधिकारिता प्रदान गर्दै त्यसबाट चयन भएको नेतृत्वलाई वैध ठहर गरेको हो ।

निर्वाचन आयोगले विशेष महाधिवशेनबाट चयन भएको थापा नेतृत्वलाई मान्यता दिएपछि कांग्रेसका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन कार्यवहाक सभापति पूर्णबहादुर खड्का पक्ष सर्वोच्च अदालत गएको थियो । निर्वाचन आयोगको निर्णय कानुनी र प्रक्रियागत रूपमा सही रहेको भन्दै अदालतले देउवा पक्षको दाबी अस्वीकार गरेको छ । आदेशसँगै तत्कालीन सभापति देउवा र कार्यवहाक सभापति खडकाले दायर गरेको रिट खारेज भएको छ । रिट निवेदनमा कांग्रेसको विधान र प्रचलित कानुन विपरित आयोजना गरिएको विशेष महाधिवेशन अवैध रहेको दावी गरिएको थियो । गत पुस २७ र २८ मा सम्पन्न विशेष महाधिवेशन वैध ठहर गर्दै निर्वाचन आयोगको निर्णय कानुन सम्मत् रहेको फैसलामा उल्लेख छ । सर्वोच्चले विभिन्न बुँदामा व्याख्या गर्दै खडकाले दायर गरेको रिट निवेदन खारेज गरेको हो ।

# गुल्मीमा सातामा चार पटक हवाई सेवा सञ्चालन




**गुल्मी,** वैशाख ५/गुल्मीको रेसुङ्गा विमानस्थलबाट शनिबारदेखि सातामा चार पटक हवाई उडान सञ्चालन भएका छन् । नेपाल वायुसेवा निगमले काठमाडौँबाट गुल्मीका लागि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार उडान भर्ने तालिका सार्वजनिक गरेको हो ।

यसअघि आइतबार, मङ्गलबार र बिहीबार उडान सञ्चालन हुँदै आएको थियो । नेपाल वायुसेवा निगमका आन्तरिक उडानतर्फ रहेका ट्विनअटर जहाजको मर्मतसम्भार गरेसँगै उडान तालिका थप गरिएको रेसुङ्गाका स्टेसनका प्रमुख सुमन थापाले जानकारी दिए । उनका अनुसार निगमको उडान तालिका थप भएसँगै भाडादरसमेत वृद्धि भएको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै रेसुङ्गा-काठमाडौँको हवाई उडानको भाडादरमा वृद्धि भएको स्टेसन प्रमुख थापाले बताए । नयाँ लागू गरिएको भाडादर अनुसार काठमाडौँबाट रेसुङ्गाका लागि १० हजार ९०२ र रेसुङ्गाबाट काठमाडौँका लागि १० हजार ७०२ निर्धारण गरिएको उनले जानकारी दिए । निगमले यसअघि काठमाडौँबाट रेसुङ्गाका लागि सात हजार ५०० र गुल्मीबाट काठमाडौँका लागि सात हजार ३०० भाडादर निर्धारण गरेको थियो । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निर्माण व्यवसायीको समस्याप्रति गम्भिर बन

पछिल्लो समय मध्यपूर्वको युद्धका कारण निर्माण क्षेत्र थप प्रभावित भएको छ । बजार भाउ र सरकारी दररेटबीच तालमेल नहुँदा व्यवसायी मारमा परेका छन् । व्यवसायीले निर्माण मजदुरको संख्या कटौती गर्नुको साथै पूर्वधार योजना निर्माणका कामहरु समेत रोकेका छन् ।

मूल्यवृद्धिले काम गर्न सक्ने अवस्था नरहेको भन्दै निर्माण कम्पनीले सडक कालोपत्रे, पुल, भवन निर्माणका योजनाको काम रोकेका छन् । निर्माण अवधि सकिनै लागेका योजनामा पनि काम रोकिएको छ । पछिल्लो समयमा भएको इन्धन, अलकत्रा, सिमेन्ट, फलामजन्य सामग्री, गिट्टीबालुवामा भएको अप्रत्याशित मूल्यवृद्धिले व्यवसायी मर्कामा परेको गुनासो छ । उनीहरुले सरकारलाई निर्माण व्यवसायीहरुको समस्याप्रति गम्भीर बन्न आग्रह गर्दै आएका छन् । तर सरकारले भने त्यसतर्फ खासै चासो देखाएको छैन । निर्माण व्यवसायीहरुको मागलाई बेवास्ता गरेमा निर्माण कार्य पूर्णरूपमा रोकिने उनीहरु सरकारलाई चेतावनी दिर्दै आएका छन् ।

यस्तो बेला सरकारले व्यवसायीलाई विश्वासमा लिनु र महँगीको मारलाई सम्बोधन गर्नु आवश्यक छ । सरकारले आफू व्यवसायीकोको साथमै छु भनेर विश्वास दिलाउनुपर्छ । त्यसका लागि सरकारले मूल्यवृद्धि कम गराउन कर छुटका योजना ल्याउनुपर्छ। आयात प्रतिस्थापनलाई प्रोत्साहित गर्ने कार्यक्रम पनि अघि बढाउन आवश्यक छ । खासगरी नेपालमा चाहिने सामान उत्पादन गर्ने कम्पनीलाई भन्सार छुट/अनुदान/सहुलियत, ऋण/कर छुट जस्ता प्याकेजमार्फत बढी उत्पादन गर्ने कार्यमा सहयोग पुर्‍याउन सक्नुपर्छ । ढुंगा, गिट्टी र बालुवाजस्ता स्वदेशी निर्माण सामग्रीको आपूर्तिमा सरकारले सहजीकरण गर्नुपर्छ । क्रसर उद्योगलाई केवल प्रकृति दोहनको रूपमा मात्र नहेरी, तिनलाई व्यवस्थित र मर्यादित बनाउनुपर्छ । नदी र वन संरक्षण हुने गरी कडा नियमनका साथ क्रसर उद्योग सञ्चालन गर्ने वातावरण सरकारले सुनिश्चित गर्नुपर्छ । सरकारको दोहोरो चरित्रका कारण न प्रकृति जोगिएको छ न त असल व्यवसायी नै फस्टाएका छन् । 'सेटिङ' गर्नेहरूको बोलवाला अन्त्य गरी संरक्षण र विकासलाई सँगै लैजाने व्यावहारिक नीति अबको आवश्यकता हो । यसतर्फ सरकार गम्भीर भएका लाग्न जरुरी छ ।

### Opinion @ Social Network

मिहिनेत गरौं, आर्जन गरौं, एउटा स्थानमा पुगौं..
किनकी केही नगर्दापनि माया गर्ने बस् आमामात्र हुन्छिन् ।
*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# फेक न्युजले मूर्ख बनाइरहेको त छैन ?



शुक्रऋषि चौलागाई

'बालेन सरकारले पाँच सय र एक हजारका नोट बन्द गर्दै', 'प्रदेश सभा खारेज गर्ने बालेन सरकारको तयारी', 'एमाले नेता महेश बस्नेत पक्राउ' जस्ता शीर्षकहरू, फगत शीर्षक मात्रै हुन् । समाचार होइनन् । तर हाम्रा सामु यी विषयहरू समाचार जस्तै छ्यापछ्याप्ती प्रसारित भइरहेका हुन्छन् । तर यी फेक न्युज अर्थात् मिथ्या सूचना हुन् । बालेन सरकारले प्रदेश सभा खारेज गर्दैछ भन्ने कुरा दुई साता अघि फेसबुक, अनलाइन र युट्युबमा फैलियो । भ्रामक स्क्रिन सट र भिडियो क्लिप भाइरल भए । जब कि यो विषयमा आधिकारिक प्रस्ताव या निर्णय सार्वजनिक भएको छैन । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पाँच सय र एक हजारका नोट प्रतिबन्ध गर्दै छन् भन्ने अफवाह सार्वजनिक भयो । नेपाल राष्ट्र बैंकले यो हल्ला मात्रै हो, त्यस्तो कुनै योजना छैन भनेर पुष्टयाई दिन पर्‍यो । त्यस्तै केही दिन अघि एमाले सचिव महेश बस्नेत पक्राउ परे भनेर समाचारहरू आए तर उनलाई पक्राउ गरिएकै थिएन । यी र यस्तै संवेदनशील विषयलाई पनि अतिरञ्जित ढङ्गले मिडियामार्फत चर्चामा ल्याउने र थप आतङ्कित बनाउने कार्य अझै रोकिएको छैन । प्रत्येकको हातमा मोबाइल छ तर के सही र के गलत भन्ने छुट्याउन सक्ने ल्याकत छैन । फेक न्युज, अङ्ग्रेजी शब्दहरू हुन् तर पछिल्लो समय यी शब्दहरूको अत्यधिक प्रयोगसँगै नेपालीकरण गरिए सरह छ । फेक न्युज केवल गलत सूचना मात्र होइन, यो त एउटा जानाजान गरिएको छलकपट हो । गलत सूचना उत्पादन गर्ने र फैलाउने गतिविधि पनि हो । सत्यताबाट विमुख झुटो, भ्रमपूर्ण सूचना हो, जसलाई समाचारको रूपमा विभिन्न सामाजिक सञ्जालमार्फत प्रसारण या प्रस्तुत गरिन्छ । यसमा काल्पनिक घटनाहरूलाई पनि वास्तविक रूपमा प्रस्तुत गरिएको हुन्छ । यस्तो गलत सूचनालाई तीन भागमा विभाजन गरेर हेर्ने गरिन्छ ।पहिलो, मिसइन्फरमेशन । दोस्रो, डिसइन्फरमेशन । तेस्रो, मालइन्फरमेशन । फेक न्युजमा भावनात्मक भाषा, क्लिकबेट हेडलाइन, फेक फोटो, भिडियो वा एआई जेनेरेटेड डिपफेकको प्रयोग गरिन्छ । इन्टरनेट र सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम, भाइवर, युट्युब, एक्स आदि) को विकाससँगै यो छिटो र व्यापक रूपमा फैलिँदै गएको छ । जनमत प्रभावित गर्नु, राजनीतिक लाभ लिनु, घृणा फैलाउनु वा आर्थिक फाइदा कमाउनु पनि फेक न्युजको उद्देश्य हो ।

**फेक न्युजको महामारी**

आम सञ्चारका विज्ञहरूका अनुसार फेक न्युजले कुनै पनि घटनाको वास्तविकता तोडमोड गरी मान्छेलाई भावनात्मक रूपमा प्रभावित पार्ने उद्देश्य राख्छ । यो केवल 'गलत सूचना' मात्र होइन- एक किसिमको हतियार हो । सत्य-तथ्यभन्दा पनि आक्रोशजन्य भावना जगाउने भाइरल सामग्रीलाई सामाजिक सञ्जालले स्थान दिने र व्यापक बनाउने काम गर्दै आएको छ । सञ्जालका विभिन्न प्लेटफर्म सही ढङ्गले नचलाएकै कारण पछिल्लो समय अनेक चुनौती र दुर्घटना निम्तिरहेको छ । सञ्जालमा सार्वजनिक फेक न्युजले नै अहिले महामारीको रूप लिँदै छ । सामाजिक सञ्जाल आफैमा खराब होइन तर त्यसको सदुपयोग भन्दा दुरुपयोग हुने खतरा बढ्दै गएको छ । एउटा फेक सञ्जाल सञ्चालन गरी सामाजिक सञ्जाल मार्फत फेक न्युज भाइरल गराइन्छ । एउटै फेक समाचारलाई एकै समयमा धेरै माध्यमबाट शेयर गराइन्छ । प्राय: गोप्य रूपमा रहने यी व्यक्ति या समूह आफ्नो लक्ष्य र उद्देश्य अनुसार फेक न्युज मार्फत युद्ध फैलाउँछन् । नेपालमा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि फेक न्युजको बाढी आयो । त्यसताका फैलिएका फेक न्युज, फोटो र भिडियोले अफवाहको बजार ततायो । भदौ २३ गतेको आन्दोलनमा भएको मानवीय क्षति र घाइतेको विषयमा भ्रामक सूचना फैलियो । फेक भिडियोहरू सार्वजनिक गरिए । दोस्रो दिनको आगजनी र तोडफोड पनि भ्रम फैलाउनेका लागि अवसर बन्यो । सामाजिक सञ्जालमा आएका अनेक फेक न्युज र भिडियो क्लिपले स्थिति थप त्रासदीपूर्ण बनायो । इजरायली संस्था सायब्राको प्रतिवेदन अनुसार भदौ २३-२४ को जेनजी विद्रोहमा अनलाइन संवादको ३४ प्रतिशत हिस्सा नक्कली एकाउन्ट र एआईद्वारा निर्मित सामग्रीबाट प्रभावित थियो । १४ लाखभन्दा बढी अन्तर्क्रियामध्ये एक लाख ६४ हजार शङ्कास्पद खाताबाट भएको थियो, जसले ३२ करोड बढी स्क्रिनमा पुगी सरकार विरोधी भाष्यलाई अतिवादी बनाउने प्रयास गरेको थियो । फेक न्युज सामान्य गल्ती होइन, यो लोकतान्त्रिक बहसमाथिको हस्तक्षेप हो । फेक न्युज स्पष्ट रूपमा 'नक्कली' देखिन्थ्यो भने कोही पनि झुक्किँदैनथ्यो । भ्रमित समाचारले जो कोहीलाई पनि झुक्क्याउन सक्छ । नेपाल दूरसञ्चार प्राधिकरणको एक तथ्याङ्क अनुसार, इन्टरनेट प्रयोगकर्ता सङ्ख्या तीव्र गतिमा बढिरहेको छ तर सोही अनुपातमा मिडिया र डिजिटल साक्षरता बढेको छैन । नेपालमा डिजिटल साक्षरता लगभग ३१ प्रतिशत मात्रै छ । अधिकांश प्रयोगकर्ताले समाचारको स्रोत हेर्दैनन् र हेडलाइन मात्र पढेर प्रतिक्रिया जनाउँछन् । धेरैजसो प्रयोगकर्ता सामाजिक सञ्जालमा भेटिने सबै सूचनालाई समाचार ठान्छन् । फलत: उनीहरू भावनात्मक र भ्रामक सामग्रीबाट सजिलै प्रभावित हुन्छन् । धारणा बनाउँछन् र निर्णय लिन्छन् । कसैलाई होच्याउने वा बदनाम गर्ने हेतुले आउने गलत समाचारहरू रातारात सामाजिक सञ्जालमा फैलिएर विभिन्न आपराधिक घटना हुने गरेको उदाहरणहरू पनि छन् । थोरै पैसा तिरेपछि सामाजिक सञ्जाल र अनलाइन मिडियामा समाचारहरू नै धेरै माझ पुग्ने गरी बुस्ट गर्न मिल्ने व्यवस्था पनि झनै घातक छ । फेक न्युजले आपसमा अविश्वास सिर्जना गरिदिने, मानसिक तनाव दिने र गलत निर्णय लिन बाध्य पार्न सक्ने स्थिति सिर्जना गरिदिन्छ ।

फेक न्युजले व्यक्तिको जीवनसँगै समाज, राजनीति र अर्थतन्त्र जस्ता विषयमा पनि गम्भीर असर पार्छ । फेक समाचारले एउटा समुदायलाई अर्को विरुद्ध उभ्याउने, विभिन्न जातीय नाममा विभाजन गर्ने जस्ता समाज भड्काउने क्रियाकलापहरू हुन सक्छन् । त्यस्तै राजनीतिक रूपमा हेर्ने हो भने, फेक न्युजको कारणले जनताको निर्णय लिने क्षमतालाई पनि कमजोर बनाएको छ । फेक न्युजले जनमत विभाजित गर्ने, निर्वाचन प्रक्रिया प्रभावित पार्ने र लोकतन्त्र नै कमजोर पार्ने काम पनि गरिदिन्छ । जस्तै: नेपालमा एमसीसी सम्झौता, निर्वाचन वा विरोध प्रदर्शनका बेला फेक भिडियो र एआई जेनेरेटेड क्लिपहरू फैलिएका थिए, जसले आम नागरिकमा भ्रम सिर्जना गरिदिएको थियो । स्वास्थ्य क्षेत्रमा खोप विरोधी अफवाह पनि फैलिने गर्छन् जसका कारण रोग र महामारी नियन्त्रणमा अनेक कठिनाइ उत्पन्न भएका छन् । वास्तविकता गुमराममा राखी भावनालाई भड्काउने र आफ्नो योजना अनुसार जनताहरूलाई परिचालित गर्न पनि फेक न्युजको प्रयोग गरिन्छ । फेक न्युजले मान्छेमा सहजै आक्रोश, चिन्ता, बदलाको भावना, घृणा फैलाउन र हिंस्रक बनाई दिन सक्छ । जातीय/धार्मिक तनाव बढाएर सामाजिक सद्भाव खलबल्याई दिन पनि सक्छ । यसले सूचनाको विश्वसनीयता र वैधतालाई नै चुनौती दिन्छ र समाजको निर्णय लिने क्षमतामा गहिरो प्रभाव पार्छ । अध्ययन अनुसार फेक न्युज सत्यभन्दा छिटो फैलिन्छ र दीर्घकालीन रूपमा मिडिया र संस्थाप्रतिको विश्वास घटाउँछ । प्रत्येक नागरिकको सही सूचना प्राप्त गर्ने हकह 'सूचनाको हक' बाट पनि वञ्चित गर्न सक्छ ।

**कसरी चिन्ने फेक न्युज ?**

फेक न्युज के हो भन्ने माथि उल्लेख गरिसकिएको छ । तर फेक न्युज कसरी चिन्ने ? यो प्रश्न हाम्रा सामु चुनौतीका रूपमा तेर्सिएको छ । भनिन्छ कि 'फेक न्युज त्यो हो जुन फेक न्युज जस्तो लाग्दैन । नक्कली समाचारहरू पनि प्राय: यथार्थजस्तै हुन्छन् । झट्ट हेर्दा हामीले विश्वास गर्ने गरी बनाइएका हुन्छन् । फेक न्युजले समाजमा 'असत्य' लाई 'सत्य' झैँ देखाउने क्षमता राख्छ । हाम्रो समाजमा कथन नै छ नि हजार पटक झुटलाई सत्य भन्दा झुट नै सत्य बन्न जान्छ । तर यस्ता फेक सूचना, सामग्री र समाचार पहिचान गर्नु पर्छ । यसका लागि हामी स्वयंले सूक्ष्म अध्ययन गर्ने, प्रश्न गर्ने र प्रमाण खोज्ने तर्फ लाग्नु पर्छ ।

**निम्न कुरामा ध्यान दिऊँ**

- विश्वसनीय सञ्चारमाध्यम, मिडिया वा आधिकारिक वेबसाइट हो कि होइन ? अनलाइन पोर्टलमा सम्पादकीय समूहको नाम तथा जिम्मेवारी लेखिएको छ कि छैन ? त्यो पोर्टलको कार्यालय, सम्पर्क फोन नम्बर, इमेल इत्यादि छ कि छैन ?

-केवल आकर्षक वा आक्रोशपूर्ण हेडलाइन फेक न्युजको पहिलो सङ्केत हुन सक्छ तसर्थ हेडलाइनभन्दा अघि समाचार पढ्ने ।

-धेरै फेक न्युजमा पुरानो वा सन्दर्भविहीन फोटो प्रयोग हुन्छ त्यसैले फोटो वा भिडियोको प्रामाणिकता हेर्ने । जाँच गर्ने ।

-पक्ष, विपक्ष या श्रोतको कुरा र भनाइ छ कि छैन ? कसैको कोड या तथ्य छ छैन हेर्ने ।

-अत्यधिक भावनात्मक शब्दावली प्रयोग फेक न्युजको मुख्य रणनीति हो तसर्थ भावनात्मक ट्रिगरहरू चिन्ने ।

-कहिल्यै नसुनेको, नखोलेको अनलाइनबाट आएको सूचना/समाचार सही हो कि होइन भनेर पुनरपरीक्षण गर्ने ।

-डिजाइन हेर्दा कुनै प्रचलित संस्थाको नाम र डिजाइनसँग मिल्दोजुल्दो हुन सक्छ त्यसैले त्यसमा पनि ध्यान दिने ।

-बतासे अनलाइनहरु वा युट्युब च्यानलहरूले मात्रै फेक न्युज दिँदैनन् । ठुला पदमा आसीन मान्छेहरूले पनि दिन सक्छन् भन्ने हेक्का राख्ने ।

- सनसनीपूर्ण खुलासा, लाइक, कमेन्ट, शेयर, सब्सक्राइब गर्नुहोस् आदि अनुरोध गरिएको छ भने झनै सचेत हुने ।

- दिइएको लिङ्कमा थिच्दा अन्य ठाउँमा पुगिने, विषयवस्तु एकातर्फ र शीर्षक अर्कोतर्फ हुने अवस्था आयो भने थप सतर्क रहेर जाँचबुझ गर्ने ।

- नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकेका सम्बन्धित निकायहरूमा दर्ता गरेका विश्वसनीय र वैधानिक सञ्जालहरू मार्फत प्रकाशित सूचना स्रोतहरूलाई अध्ययन र प्रयोग गर्ने ।

**फेक न्युजबाट बच्ने कसरी ?**

फेक न्युज एकल प्रयासले रोक्न नसकिए पनि त्यसबाट बच्न र सचेत रहन सकिन्छ । फेक न्युज नियन्त्रणका लागि सर्वप्रथम फेक न्युज के हो ? कसरी बच्न सकिन्छ भन्ने विषय बुझ्न जरुरी छ । फेक न्युज चिनिसकेपछि यसबाट बच्न झनै सजिलो छ ।

-सामाजिक सञ्जालमा देखिने/भेटिने हरेक पोस्टलाई 'सत्य' नठान्ने ।

-कुनै पनि सामग्री लाइक, कमेन्ट, शेयर गर्नु अघि तथ्य जाँच गर्ने ।

-फेसबुक/अनलाइन बहसमा अत्यधिक भावनात्मक प्रतिक्रिया नदिने ।

-आफूले थाहा पाएको मिथ्या सूचना/समाचारबारे प्रमाणसहित अन्यलाई जानकारी दिने ।

- राज्य र मिडिया संस्थाले प्रभावकारी फ्याक्ट चेकिङ युनिट या मेकानिजम बनाउने । सही सूचना र समाचार प्राप्त गर्नु प्रत्येक नागरिकको अधिकार हो । त्यसैले फेक न्युज प्रकाशित गर्ने, प्रसारण गर्ने जो कोहीलाई पनि नेपालको प्रचलित कानुन अनुसार कडा कारबाही गरिनुपर्छ । फेक न्युज रोक्ने र शुद्ध सूचना/समाचार प्राप्त गर्ने अवसर सिर्जनाका लागि सञ्चार उपभोक्ता, सञ्चारकर्मी, सञ्चारमाध्यम, सम्बद्ध सरकारी निकायबिच शिक्षा, सजगता र सहकार्य आवश्यक छ ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा सक्रियता बढ्नेछ। रोकिएका काम पुन: प्रारम्भ गर्न सकिनेछ।

**वृष** : सहकर्मी वा साथीसँग विचार आदानप्रदान गर्दा नयाँ उपाय फेला पर्न सक्छ।

**मिथुन** : योजनामा केन्द्रित रहने समय रहेको छ।आर्थिक पक्षमा सुधारको देखिनेछ।

**कर्कट** : अनुसन्धानमा लागेका व्यक्तिहरूको लागि प्रगतिको संकेत देखिनेछ।

**सिंह** : मित्रसँग सहकार्य गर्दा सफलता मिल्नेछ। सृजनात्मक कार्यमा रुचि बढ्नेछ।

**कन्या** : कार्य समयमा सम्पादन नहुनाले मनमा मानसिक चिन्ता रहनेछ।

**तुला** : आर्थिक रूपमा सुधारको संकेत देखिन्छ लगानीबाट टाढा रहनु राम्रो हुनेछ।

**वृश्चिक** : आफ्नो निर्णयहरूमा दृढता र आत्मविश्वास राख्दा सफलता मिल्नेछ।

**धनु** : कलाको क्षेत्रमा सफलता मिल्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ।

**मकर** : जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्शाउँदा मित्रहरूको साथ पाइनेछ।

**कुम्भ** : अधिकारीवर्गहरूबाट सहयोग पाइएला। सकारात्मक संकेत देखिनेछ।

**मीन** : काममा सानो परिवर्तन आउन सक्छ जसले तपाईँलाई नयाँ अनुभव दिनेछ।

# आज परशुराम जयन्ती मनाइँदै




**पाल्पा,** वैशाख ५/वैशाख शुक्ल तृतीयाका दिन जन्मिएका परशुराम ऋषिको जन्मजयन्ती आज विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । अष्टचिरञ्जीवीमध्येका एक परशुराम तृतीयाका दिन बेलुकी जन्मिएको विभिन्न पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ । परशुराम भगवान् विष्णुको छैटौं अवतारका रूपमा उनको जन्म भएको हो ।

ऋषि जमदग्नि र रेणुकाका पुत्र परशुरामले पिता जमदग्निको आदेशमा माता रेणुकाको हत्या गरेको समेत ती ग्रन्थमा व्याख्या गरिएको छ । पिता जमदग्निले परशुरामलाई वर माग भनेपछि माता जीवित भएको पौराणिक ग्रन्थमा उल्लेख गरिएको छ । आमा मारेको कुरा अरुले थाहा नपाऊन् भनी सो वर मागेको उल्लेख गरिएको छ । अष्टचिरञ्जीवीमध्येका एक परशुरामले पिता जमदग्निको हत्या भएपछि २१ पटक ब्रह्माण्ड घुमी विश्वभरका क्षेत्रीको हत्या गर्नुभएको थियो । क्षेत्रीयमा अहङ्कार बढ्न थालेपछि साधुको रक्षा गरी दुर्जनलाई मार्नकै लागि भगवान् विष्णुको छैटौं अवतारका रूपमा उनले जन्म लिएका वर्णन पनि पौराणिक ग्रन्थमा गरिएको छ । राजा कार्तवीर्यका सबै छोराको हत्या परशुरामले नै गरेका थिए भन्ने वर्णन पनि पौराणिक ग्रन्थमा गरिएको छ । द्वापर युगका प्रमुख योद्धाहरू भीष्म, द्रोणाचार्य तथा कर्ण परशुरामकै शिष्य थिए । कर्णले असत्य बोलेर आफूसँग शिक्षा लिएका कारण रिसाएर उनले कर्णलाई युद्धका समयमा आफूले सिकाएका सारा विद्या बिर्सने श्राप दिएका थिए । परशुराम कुनै समाज विशेषको आदर्श नभएर सम्पूर्ण हिन्दू समाजका आदर्श एवं चिरञ्जीवी हुन । उनी रामका समयमा पनि थिए भने कृष्णका समयमा पनि थिए । भगवान् कृष्णलाई सुदर्शन चक्र उनैले दिएका थिए । भनिन्छ, परशुराम कलिको अन्त्यमा फेरि आउनेछन् । मान्यताअनुसार उनी कल्पको अन्तसम्म नै पृथ्वीमा तपस्यारत हुनेछन् ।

## सदस्य केन्द्रीत बन्दै...

...अध्यक्ष पाण्डेयले आनन्द सहकारीले सदस्य केन्द्रीत कार्यक्रम गर्ने गरेको भन्दै संस्थालाई धन्यवाद दिए । उनले समुदाय र सदस्य केन्द्रीत भएर सञ्चालन भएका सहकारी संस्थाहरु बैंक भन्दा पनि राम्रोसँग सञ्चालन भइरेको बताए । उनले विश्वका कतिपय देशले सहकारीमार्फत नै आर्थिक तथा सामाजिक रुपान्तरण गरेका थुप्रै उदाहरण रहेको भन्दै नेपालमा पनि सहकारीले आर्थिक तथा सामाजिक रुपान्तरण गर्न सक्ने दावी गरे । ठूला शहरी क्षेत्रमा रहेका केही सहकारी मूल्य, मान्यता सिद्धान्त बाहिर सञ्चालित सहकारीमा मात्र अहिले समस्या आएको उनले बताए ।

कार्यक्रममा सहकारीका अध्यक्ष सरोजलाल शाक्यले सहकारीले चालु आर्थिक वर्षको चैत मसान्तसम्म गरेका गतिविधि र आगामी दिनमा गर्ने योजना प्रस्तुत गरेका थिए । उनले एक हजार दुई सय १९ सदस्यहरुबाट निष्क्रिय सदस्यहरुलाई हटाएर एक हजार एक सय ८० सदस्यहरु कायम गरिएको बताए । अध्यक्ष शाक्यले सदस्यहरु घटे पनि नौं महिनाको अवधिमा शेयर पुँजी भने २ लाख ६६ हजार २ सयले वृद्धि गरिएको, ६ दशमलव ७ प्रतिशत अर्थात् ९६ लाख ४१ हजार एक सय २४ ले निक्षेप वृद्धि गरिएको, बैंक मौज्दात ९५ लाखले बढेको बताए । उनले आगामी दिनमा निष्क्रिय सदस्य घटाउने, एसएमएस र मोवाईल बैंकिङ्मा सदस्य संख्या बढाउने योजना अगाडि सारेका छन् । अध्यक्ष शाक्यले दुई जना बच्चा जन्माउने शेयर सदस्यलाई पोषण खर्चबापत प्रति बच्चा ४ हजार, कुनै सदस्यको मृत्यु भएमा संस्कार खर्च १० हजार, दीर्घरोगीलाई १० हजार, दुर्घटना विमा, २ लाख र आगलागी भएमा क्षतिको अवस्था हेरेर १० लाख सहकारीले दिर्दै आएको बताए । उनले इमान्दार र शिक्षा, सामाजिक कार्यमा लामो समय अनुभव संगालेका ब्यक्तिहरु सहकारी सञ्चालक समितिमा रहेकाले आनन्द सहकारीप्रति आम नागरिकमा विश्वास बढ्दै गएको उल्लेख गरे । संस्थाका निवर्तमान अध्यक्ष सर्जुलाल बज्राचार्यले सदस्यले आफ्नो कर्तव्य निर्वाह गर्नु पर्ने बताए । उनले सहकारीको अवस्थाको बारेमा बेला-बेलामा कार्यालयमा आएर बुझ्न सदस्यहरुलाई आग्रह गरे । बज्राचार्यले सहकारीको अवस्था हेरेर काम गर्ने सदस्य नै वास्तविक सदस्य भएकाले सहकारीलाई समस्या पर्दा सहयोग गर्ने र आवश्यक पर्दा सहभागिता जनाउनु सदस्यको असल भूमिका रहेको बताए । कार्यक्रममा सहभागी शेयर सदस्य सञ्जयराज शाक्यले तालिम अत्यन्त उपलब्धिमूलक रहेको बताए । उनले सहकारी शिक्षा सबै शेयर सदस्यहरुका लागि आवश्यक रहेको भन्दै तालिमले सहकारीलाई थप मजबूद बनाउने बताए । सहकारीले सहकारी शिक्षा अभिमुखीकरणसँगै शेयर सदस्यहरुबिचको भेटघाट र विभिन्न रचनात्मक खेल प्रतियोगिताहरु समेत सञ्चालन गरेको थियो ।

## गुल्मीमा सातामा चार...

...विगतमा यात्रुहरूको अत्यधिक घुइँचो हुने गरेको रेसुङ्गा विमानस्थलमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै भाडादरमा तीन हजार ४०२ मूल्य वृद्धि गरिएको स्टेसन प्रमुख थापाले जानकारी दिए । उनका अनुसार निगमले आन्तरिक उडानतर्फ ट्विनअटर जहाजले सेवा दिइरहेको छ । वर्षाको समय र प्रतिकूल मौसमका कारणबाहेक पछिल्लो पाँच महिनादेखि गुल्मीको रेसुङ्गा विमानस्थलमा नियमित रूपमा हवाई सेवा सञ्चालन हुँदै आएको छ । नेपाल वायुसेवा निगमद्वारा १८ सिट क्षमताको ट्विनअटर जहाजबाट काठमाडौँ-रेसुङ्गा सेवा सञ्चालन हुँदै आएको छ । काठमाडौँबाट आइतबार बिहान ८:०५ बजे र रेसुङ्गाबाट बिहान ९:०५ बजे र मङ्गलबार, बिहीबार र शनिबार काठमाडौँबाट बिहान ६:१५ बजे र रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि बिहान ७:१५ बजे उडान हुने स्टेसन प्रमुख थापाले जानकारी दिए । दिउँसोको समयमा हावाको चाप बढी हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान भर्ने गरिएको उनको भनाइ छ । गुल्मीमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा पनि वृद्धि हुँदै गएको छ । करिब १६ देखि १८ घण्टाको लामो स्थलमार्गबाट यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता हटेको यात्रुहरू बताउँछन् । सेवा सुरु भएपछि हवाईमार्गबाट ४५ देखि ५० मिनेटमा गुल्मीबाट राजधानी आवतजावत गर्न सकिन्छ । गुल्मीमा नेपाल वायुसेवा निगमले विसं २०८० वैशाख २९ गतेदेखि व्यावसायिक रूपमा हवाई उडान सुरु गरेको थियो ।

--- रासस

खेलकुद समाचार

## गुजरातले कोलकातालाई पाँच विकेटले हरायो



**काठमाडौं,** वैशाख ५/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा गुजरात टाइटन्सले कोलकाता नाइट राइडर्सलाई पाँच विकेटले हराएको छ । कोलकाताले दिएको १८१ रनको लक्ष्य गुजरातले १९ ओभर चार बलमा भेट्टायो । गुजरातका कप्तान शुभमन गिलले सर्वाधिक ८६ रन बनाए । कोलकाताका वरुण चक्रवर्तीले दुई तथा वैभव अरोरा, सुनिल नराइन र रमनदीप सिंहले समान एक/एक विकेट लिए । अहमदावादमा टस जितेर पहिला ब्याटिङ गरेको कोलकाताले निर्धारित २० ओभरमा अलआउट हुँदै १८० रन बनायो । उसका क्यामरन ग्रीनले सर्वाधिक ७९ रन बनाए । गुजरातका कगिसो रबाडाले तीन तथा मोहम्मद सिराज र अशोक शर्माले समान दुई/दुई विकेट लिए । जीतसँगै ५ खेलमा ६ अङ्क जोडेको गुजरात तालिकाको चौथो स्थानमा छ । ६ खेल खेलेको कोलकाता एक अङ्कसहित तालिकाको पुछारमा छ । आईपीएल क्रिकेटमा १० टोली सहभागी छन् । आज दुई वटा खेल हुँदैछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## निरन्तर मारमा निक्षेपकर्ता, घट्दै बैंक ब्याजदर




**पाल्पा,** वैशाख ५/ निक्षेपकर्ता निरन्तर मारमा परेका छन् । तीन वर्षदेखि निरन्तर बैंक ब्याजदर घटाउँदै आएपछि निक्षेपकर्ताहरु मारमा परेका हुन् ।

आर्थिक वर्ष २०७९/८० को फागुनमा उच्च रहेको ब्याजदर त्यसयता घट्दै आएको छ । आव २०७९-८० को फागुनमा निक्षेपको भारित औसत ब्याजदर ८.३७ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत थियो । त्यसयता ब्याजदर निरन्तर घट्दै जाँदा २०८२-८३ को फागुनमा निक्षेपको ब्याजदर ३ शदमलव ४५ र कर्जाको औसत भारित ब्याजदर ६ दशमलव ९० प्रतिशतमा झरेको छ ।२०८३ को वैशाख महिनाका लागि पनि बैंकहरुले ब्याजदर घटाएका छन् । बैंकहरुले सार्वजनिक गरेको विवरण अनुसार बैंकहरूले वैशाख महिनामा मुद्दती निक्षेपमा औसत व्यक्तिगततर्फ ४ दशमलव ४१ प्रतिशत र संस्थागततर्फ औसत ३ दशमलव २३ प्रतिशत ब्याज दिएका छन् । चैतमा औसत ब्याजदर व्यक्तिगततर्फ ४ दशमलव ४९ प्रतिशत थियो भने संस्थागततर्फ औसत ३ दशमलपव २९ प्रतिशत ब्याजदर थियो । वैशाख महिनाका लागि ७ बैंकले ब्याजदर घटाएका छन् भने १२ बैंकले ब्याजदर स्थिर राखेका छन् । यसरी निक्षेप र कर्जा दुवैको ब्याजदर घट्दा निक्षेपकर्तालाई मार परेको देखिन्छ । साथै कर्जाको ब्याजदर घट्दा ऋणीले लाभ लिन सक्नुपर्ने भए पनि अपेक्षित गतिमा लाभ नपाएको जानकारहरु बताउँछन् । निक्षेपकर्ताले ब्याज आम्दानीकै लागि बैंकमा बचत गर्ने भए पनि पछिल्ला महिनाहरूमा ब्याजदर निकै न्यून हुँदा समस्यामा परेका हुन् । त्यसको असरस्वरुप बैंकको मुद्दती निक्षेपबाट रकम स्थानान्तरण हुने क्रम बढ्दै गएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई